आज मिति २०८२ साल फागुन २८ गते बिहीबार नमोबुद्ध नगरपालिकाका, नगर कार्यपालिकाको ५७ (सन्ताउन्नौं) बैठक नगर प्रमुख श्रीमान् कुनसाङ लामाज्यूको अध्यक्षतामा देहायका उपस्थितमा बसी देहाय बमोजिमको निर्णय गरीयो।

## उपस्थिति

१. नगर प्रमुख: श्रीमान् कुनसाङ लामा

२. नगर उपप्रमुख: श्री रत्न बहादुर लामा

३. वडा अध्यक्ष वडा नं. १ : श्री प्रेम बहादुर तामाङ

४. वडा अध्यक्ष वडा नं. २ : श्री कवि राज श्रेष्ठ

५. वडा अध्यक्ष वडा नं. ३ : श्री रमेश तिवारी

६. वडा अध्यक्ष वडा नं. ४ : श्री अर्जुन बहादुर कार्की

७. वडा अध्यक्ष वडा नं. ५ : श्री सुरे तामाङ

८. वडा अध्यक्ष वडा नं. ६ : श्री टिका बहादुर के.सी.

९. वडा अध्यक्ष वडा नं. ७ : श्री धर्म सिं लामा

१०. वडा अध्यक्ष वडा नं. ८ : श्री शेर बहादुर तामाङ

११. वडा अध्यक्ष वडा नं. ९ : श्री विर बहादुर लामा

१२. वडा अध्यक्ष वडा नं. १० : श्री रामकृष्ण उपाध्याय

१३. वडा अध्यक्ष वडा नं. ११ : श्री कृष्ण बहादुर तामाङ

१४. नगर कार्यपालिका सदस्य : श्री वेली निलम लामा

१५. नगर कार्यपालिका सदस्य : श्री शान्ति तामाङ

१६. नगर कार्यपालिका सदस्य : श्री असली माया मोक्तान

१७. नगर कार्यपालिका सदस्य : श्री गीता श्रेष्ठ

१८. नगर कार्यपालिका सदस्य : श्री बुद्ध कुमारी तामाङ

१९. नगर कार्यपालिका सदस्य : श्री शुसिला परियार

२०. नगर कार्यपालिका सदस्य : श्री सुरेश तोलाङ्गे (सार्की)

२१. नगर कार्यपालिका सदस्य : श्री गोपाल नेपाली

२२. सचिव एवं प्रमुख प्रशासकीय अधिकृतः श्री कृष्ण गिरी

निर्णयार्थ पेश भएका विषयहरु:

१. कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयनको समीक्षा सम्बन्धमा।

२. अनुगमन समितिको प्रतिवेदन सम्बन्धमा।

३. अध्ययन अवलोकन भ्रमण सम्बन्धमा।

४. विविध।

निर्णयहरु:

निर्णय नम्बर १:

नमोबुद्ध नगरपालिका नगर कार्यपालिकाको विभिन्न मितिमा भएका निर्णयहरुको कार्यान्वयनको अवस्थाको बारेमा समीक्षा गरियो।

निर्णय नम्बर २:

नमोबुद्ध नगरपालिका भित्र आर्थिक वर्ष २०८२/०८३ मा संचालनमा रहेका आयोजनाहरुको नगर उपप्रमुखज्यूको संयोजकत्वमा गठित अनुगमन समितिले गरेको स्थलगत अनुगमनका सम्बन्धमा पेश भएको अनुगमन प्रतिवेदन माथि छलफल गरियो।

निर्णय नम्बर ३:

नमोबुद्ध नगरपालिका सम्पूर्ण वडामा रहेका जनप्रतिनिधिज्यूहरुलाई सेवा प्रवाहमा असर नपर्ने गरी मुस्ताङ जिल्लाको घरपोझोङ गाउँपालिकाले सम्पादन गरेका जलवायु अनुकुलन कार्यक्रम, कृषि उत्पादन र उत्पादकत्व लगायतका असल अभ्यासहरुको अध्ययन अवलोकन भ्रमण नगर प्रमुखज्यूको नेतृत्वमा मिति २०८२ चैत्र ६ गते देखि १० गते सम्म गर्ने।